# यूहन्नाको सुसमाचार

१ शुरुमा वचन हुनुहुन्थ्यो, अनि वचन
परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर
हुनुहुन्थ्यो। २ उहाँ नै शुरुमा परमेश्वरसँग
हुनुहुन्थ्यो। ३ सबै कुराहरू उहाँद्वारा हुनआए, अनि
हुनआएका कुराहरूमध्ये कुनै पनि उहाँबिना हुन-
आएन। ४ उहाँमा जीवन थियो, अनि त्यो जीवन
मानिसहरूको ज्योति थियो। ५ अनि त्यो ज्योति
अन्धकारमा चम्कन्छ, अनि अन्धकारले त्यसलाई
बुझ्न सकेन।[क] ६ परमेश्वरबाट पठाइएका एक-
जना मानिस थिए, जसको नाम यूहन्ना थियो।
७ सबैले उनीद्वारा[ख] विश्वास गरून् भनेर ज्योतिको
विषयमा गवाही दिनलाई उनी साक्षीका निम्ति
आए। ८ उनीचाहिँ त्यो ज्योति थिएनन्, तर त्यस
ज्योतिको विषयमा गवाही दिन भनी उनी पठाइए।
९ साँचो ज्योति उहाँ हुनुहुन्थ्यो, जसले यस
संसारमा आउने हरेक मानिसलाई उज्यालो
पार्नुहुन्छ। १० उहाँ संसारमा हुनुहुन्थ्यो, अनि
उहाँद्वारा संसार हुनआयो, अनि संसारले उहाँलाई
चिनेन। ११ उहाँ आफ्नैकहाँ आउनुभयो, अनि
उहाँका आफ्नैले चाहिँ उहाँलाई ग्रहण गरेनन्।
१२ तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई
उहाँले परमेश्वरका सन्तान हुने अधिकार
दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको
नाममा विश्वास गर्दछन्, १३ जो न ता रगतबाट,
न ता शरीरको इच्छाबाट, न ता मानिसको
इच्छाबाट, तर परमेश्वरबाट जन्मेका हुन्।

१४ अनि वचन शरीर हुनुभयो, अनि हाम्रा
माझमा अनुग्रह र सत्यताले पूर्ण भएर वास
गर्नुभयो, अनि हामीले पिताका एक मात्र
जन्माइएका पुत्रको महिमाजस्तो उहाँको महिमा
देख्यौं। १५ यूहन्नाले उहाँकै विषयमा गवाही दिए,
अनि यसो भन्दै कराए: "यहाँ उहाँ हुनुहुन्छ,
जसको विषयमा मैले भनें, 'जो मपछि
आउनुहुन्छ, उहाँ मभन्दा पहिलो हुनुभएको छ;
किनभने उहाँ मभन्दा अघि हुनुहुन्थ्यो।'" १६ अनि
उहाँकै परिपूर्णताबाट हामी सबैले पाएका छौं,
अनि अनुग्रहमाथि अनुग्रह; १७ किनभने मोशा-
द्वारा व्यवस्था दिइएको थियो, तर अनुग्रह
र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए।
१८ परमेश्वरलाई कुनै मानिसले कहिल्यै देखेको
छैन, जन्माइएका एउटै पुत्रले मात्र, जो पिताको
छातीमा हुनुहुन्छ, उहाँले नै पिताको विषयमा
बताउनुभएको छ।

## बप्तिस्मा दिने यूहन्नाको सेवा

मत्ती ३:१-१२; मर्कूस १:१-८;
लूका ३:१-२०

१९ अनि जब यहूदीहरूले यरूशलेमबाट
पूजाहारीहरू र लेवीहरूलाई उनलाई 'तिमी को
हौ?' भनी सोध्न पठाए, तब यूहन्नाको साक्षी यही
थियो, २० अनि उनले स्वीकार गरे, अनि इन्कार
गरेनन्, तर 'मचाहिँ ख्रीष्ट होइनँ' भनी स्वीकार
गरे। २१ अनि तिनीहरूले उनलाई सोधे: "तब के?
के तिमी एलिया हौ?" अनि उनले भने: "म
होइनँ।" "के तिमी तिनै भविष्यवक्ता हौ ता?"
अनि उनले जवाफ दिए, "होइनँ।" २२ तब
तिनीहरूले उनलाई भने: "तिमी को हौ ता? र
हामीलाई पठाउनेहरूलाई हामी जवाफ दिन

[क] १:५ वा 'त्यसमाथि विजयी भएन'; [ख] १:७ वा 'उहाँद्वारा'

This sample page is for style and size guidance only and cannot accurately represent
the quality of the actual printed text. Your printout of this page may show text lighter
or heavier than in our actual Bibles depending on the printer used.

If printed actual size this bar should measure 10cm/100mm

If printed actual size this bar should measure 4"

The above image and setting is the property of the Trinitarian Bible Society.
This sample is reproduced for your personal use only—not for distribution.